स्थानिय सरकार
पाँचपोखरी थाङ्पाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थाङ्पालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

फोन : ०१-६२२७२०१
इमेल : ito.panchpokharithangpalmun@gmail.co
website: panchpokharithangpalmun.gov.np

पत्र संख्या :- २०७७/०७८
चलानी नं. २९५६

मिति : २०७८/०२/२१

**विषय : आ.व. ०७८/०७९ को प्रस्तावित योजना/कार्यक्रम पेश गर्ने सम्बन्धमा ।**

श्री सबै वडा कार्यालय
पाँचपोखरी थाङपाल गाउँपालिका
सिन्धुपाल्चोक,
वागमती प्रदेश, नेपाल ।

उपरोक्त सम्बन्धमा यस पाँचपोखरी थाङपाल गाउँपालिकाको आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रमका सम्बन्धमा मिति २०७८/०२/१६ गते बसेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकको निर्णय अनुसार बिश्वभर महामारीको रुपमा फैलिएको कोभिड -१९ को विषम् परिस्थितिलाई मध्यनजर गरी गत वर्षको तलुनामा केहि बजेट कम निर्धारण भई भौतिक निर्माण/कार्यक्रमको लागि रु. **३५ लाख** मात्र वडागत बजेट सीमा निर्धारण गरिएको ले तहाँ वडा कार्यालयबाट तपशिल बमोजिम गर्न गराउन हुन अनुरोध गरिन्छ ।

**तपशिल**

१. योजना निर्माण प्रक्रियाका चरण अनुसार योजनाको प्राथमिकीकरण गरी पठाउने
२. साबिकका वडा तथा वस्तीहरुको आवश्यकताका आधारमा बजेट विनियोजन गर्ने
३. योजना निर्माण गर्दा रु. ५ लाख भन्दा माथीका मात्र बनाउने
४. योजना निर्माण गर्दा दोहोरो नपर्ने गरी बनाउने
५. सामुदायिक भवन, सिंचाई, खानेपानी तथा गुम्बा, मठ, मन्दीरमा २० प्रतिशत लागत साझेदारीमा बजेट विनियोजन गर्ने
६. महामारीको रुपमा फैलिएको कोभिड -१९ का मापदण्ड पालना गरी बैठक सञ्चालन गर्ने
७. गाउँपालिका तथा वडास्तरी प्रतावित योजना तथा कार्यक्रम मिति २०७८/०२/२८ गते कार्यालय समयभित्र गाउँपालिकाको योजना शाखामा पेश गरी सक्नुपर्ने छ ।
८. तहाँ **वडा कार्यालय तथा सम्पूर्ण वडावासीहरुका** यस गाउँपालिकाको आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम निर्माणका सम्बन्धमा आवश्यक राय, सल्लाह सुझाव सहित कार्यक्रम पेश गर्नु हुन ।

२०७८/२/२१

.....................
दिनेश कुमार पोखरेल
निमित्त प्रमुख प्रशासकिय अधिकृत